# सामुदायिक सेवा केन्द्रको प्रस्तावित विधान

(२०६९............................)

(स्थानीय नागरिक र नेपाल प्रहरीको संयुक्त सहभागिता)

प्रस्तावना :-

समाजमा शान्ति सुरक्षा कायम गर्न प्रहरी र स्थानीय नागरिकको समन्वय एवं सहकार्य अपरिहार्य रहेको वर्तमान परिप्रेक्ष्यमा समुदाय र प्रहरीको संयुक्त सहभागितामा समाजमा घट्ने विभिन्न घटनाहरू तथा अपराधसम्बन्धी तथ्या र सूचनाहरूको विश्लेषण गरी, प्राथमिकताको आधारमा जनस्तरबाटै निदानका उपायहरू पहिल्याई समस्याहरूको न्यूनीकरण गर्न अपराधजन्य क्रियाकलापहरूविरुद्ध जनचेतना जगाउने खालका अभियानहरू सञ्चालन गर्ने, नागरिक समाज तथा युवावर्ग र विभिन्न संघसंस्था तथा क्लबहरूलाई उक्त अभियानहरूमा सहभागी गराउनुका साथैे समुदायको हितका निम्ति स्थानीय स्रोतसाधनहरूको उच्चतम सदुपयोग गरी विकास निर्माण तथा अन्य सिर्जनशील क्रियाकलापहरू सञ्चालन गर्दै नागरिक र प्रहरीबीचको सुमधुर सम्बन्धद्वारा सुरक्षित, सुसंस्कृत एवं समुन्नत समाजको निर्माण गर्ने जस्तो पवित्र सेवाभावबाट अभिप्रेरित भई समुदाय र प्रहरीबीच गैह्रराजनीतिक रूपमा सहकार्य तथा हातेमालो गर्न संस्था दर्ता ऐन २०३४ को अधीनमा रही संस्थापना, सञ्चालन एवं सेवा प्रदान गर्नुका साथै क्रियाकलापहरूलाई सुगम, सरल, पारदर्शी तथा जवाफदेही बनाउन यो “सामुदायिक सेवा केन्द्र” नामक एक विशुद्ध मुनाफारहित गैह्रसरकारी सामाजिक संस्थाको ८(मिति .....मा स्थापना गरी संञ्चालन भई आएकोमा समय सापेक्ष साबिक विधानमा संशोधन गर्नु वाञ्छनिय भएकाले यो संशोधित विधान २०६९तर्जुमा गरिएको छ) स्थापना गरी यो विधान २०६९ तर्जुमा गरिएको छ ।

## परिच्छेद १

१. संस्थाको नाम :-

यस संस्थाको नाम “सामुदायिक सेवा केन्द्र ” रहनेछ । अंग्रेजीमा ''Community Service Center '' लेखिनेछ ।

(क) संस्थाको कार्यालय रहने ठेगाना :-

यस संस्थाको कार्यालय ......................मा रहनेछ ।

(ख) संस्थाको कार्यक्षेत्र :-

यस संस्थाको कार्यक्षेत्र अनुसूची–४ बमोजिम हुनेछ ।

(ग) प्रारम्भ :-

यो विधान स्थानीय प्रहरी प्रमुखको सिफारिसमा संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(घ) संस्थाको अस्तितव :-

(१) यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैह्र–नाफामूलक, गैह्र–राजनीतिक तथा गैह्र–सरकारी सामाजिक संस्था हुनेछ ।

* संशोधितको हकमा यो वाक्यांश प्रयोग हुनेछ ।

(२) संस्थाबाट आफ्नो उद्देश्य पूरा गर्न कार्य समितिले संस्थाको हकहितको लागि कार्य सञ्चालन गर्नेछ ।

(३) संस्थाले प्रचलित नियमानुसार चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) संस्थाले प्रचलित नियमानुसार कसैउपर नालिस उजुर गर्न सक्नेछ ।

(५) संस्थाबाट आफ्नो उद्देश्यबाहेक अन्य आय आर्जन गर्न तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

२. परिभाषा :-

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा :-

(क) “विधान” भन्नाले सामुदायिक सेवा केन्द्रको विधान २०६९ लाई सम्झनु पर्दछ ।

(ख) “संस्था” भन्नाले सामुदायिक सेवा केन्द्रलाई जनाउछ ।

(ग) “समिति” भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउंछ ।

(घ) “सभा” भन्नाले यस विधानबमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउंछ।

(ङ) “पदाधिकारी” भन्नाले संस्थाको पदाधिकारीहरूलाई सम्झनु पर्दछ ।

(च) “नियम, विनियम” भन्नाले यस विधानअन्तर्गत बन्ने नियम, विनियमहरूलाई जनाउछ ।

(छ) “आर्थिक बर्ष” भन्नाले प्रत्येक श्रावण १ देखि आषाढ मसान्तसम्मको अवधिलाई जनाउछ ।

(ज) “कार्यकारिणी सदस्य” भन्नाले कार्यकारिणी समितिका सदस्यहरूलाई मात्र जनाउछ ।

(झ) “सल्लाहकार समिति” भन्नाले यस विधानबमोजिम गठित सल्लाहकार समितिलाई जनाउछ ।

(ञ) “सामुदायिक प्रहरी” भन्नाले समुदायसँग सहकार्य गर्ने गराउने उद्देश्यले सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्न खटाइएको नेपाल प्रहरीका प्रहरी कर्मचारीलाई बुझाउछ ।

(ट) “सामुदायिक प्रहरी सेवा केन्द्र” भन्नाले आफूसँग आबद्ध रहेका सामुदायिक सेवा केन्द्रहरुसँग सहकार्य एवं तोकिएबमोजिमको कार्य गर्ने गराउने गरी नेपाल प्रहरीद्वारा खडा गरिएको केन्द्रलाई जनाउँछ ।

(ठ) “तोकिएको ”वा “तोकिएबमोजिम” भन्नाले यो विधान र यस विधानअन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

(ड) “स्थानीय निकाय”भन्नाले गा.वि.स.,महानगरपालिका,उपमहानगरपालिका,नगरपालिका र जि.वि.स.लाई जनाउँनेछ ।

(ढ) “स्थानीय अधिकारी ” भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउछ ।

## ३. संस्थाको छाप र चिह्न :-

प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिह्न हुनेछ। छाप र चिह्न अनुसूची ३ बमोजिम ढाँचामा हुनेछ। तर, संस्थाको नाम छाप र चिह्न पूर्वदर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरून्त संशोधन गरिनेछ ।

## सामुदायिक सेवा केन्द्रको छापको नमुना :-



# परिच्छेद– २

# उद्देश्य

## ४. संस्थाको उद्देश्य

यस विधान र नेपाल सरकारको प्रचलित ऐन कानुनको अधीनमा रही कार्य गर्न सामुदायिक सेवा केन्द्रका निम्नानुसार उद्देश्यहरू हुनेछन् । सो उद्देश्य परिपूर्तिका लागि नेपाल प्रहरीको स्थानीय सामुदायिक प्रहरी सेवा केन्द्रसंग आबद्ध । ती क्रियाकलापहरू गै¥हराजनीतिक उद्देश्यबाट सञ्चालन हुनुका साथै "नागरिक र प्रहरीबीचको सहकार्य, शान्ति सुरक्षाका लागि अपरिहार्य" भन्ने भावनालाई भई सामुदायिक सेवा केन्द्रद्वारा विविध क्रियाकलापहरू सञ्चालन गरिनेछ आत्मसात गर्दै जनपरामर्श, जनसहयोग र जनसहभागितालाई संस्थाको कार्यशैलीका मूलभूत आधारहरूको रूपमा लिइनेछ ।

क) यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख) सभ्य, शान्त एवं भयमुक्त समाज सिर्जना गर्नमा भूमिकानिर्वाह गर्ने ।

ग) सामुदायिक प्रहरी सेवाकेन्द्रसँग सहकार्य गरी यस विधानको काम कर्तव्यमा उल्लेख भएका क्रियाकलाप एवं कार्यक्रमहरू संञ्चालन गर्ने ।

घ) स्थानीय जनशक्ति तथा स्रोतसाधनलाई विकास निर्माणलगायत विविध समुदायको हितमा प्रयोग गर्ने वातावरण बनाउने ।

ङ) समुदायमा रहने स्थानीय एवं विदेशी व्यक्तिहरूलाई आवश्यकताअनुसार समुदायको कार्यमा स्वयंसेवीको भूमिका निर्वाह गर्न उत्प्रेरित गर्ने ।

च) अन्य विविध प्रहरी कार्यहरूमा समन्वय, सहकार्य तथा सहयोग गर्ने ।

संस्थाले माथि उल्लिखित आफ्नो उद्देश्य कार्यान्वयन गर्नुअगाडि प्रचलित नेपाल कानुनबमोजिम अनुमति वा इजाजत लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्ने छ ।

## ५) संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :-

यस संस्थाले उद्देश्य प्राप्त गर्न देहायका कार्यहरू गर्नेछ :-

क) संस्थाले प्रचलित नेपाल कानुनबमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरू कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, टाइपराइटर फ्याक्सजस्ता कार्यालय सामान तथा सवारीसाधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारीहरूको नियुक्ति गर्ने र सेवाका शर्तहरू निर्धारण गर्ने कार्य गर्नेछ ।

घ) संस्थाले यस विधानको दफा १९ बमोजिम संस्थालाई प्राप्त भएको रकम वा त्यसबाट बढे बढाएको रकम संस्थाको कोषको रूपमा बैंकमा जम्मा गरी बैङ्क खाता सञ्चालन गर्ने छ ।

# परिच्छेद ३

**सदस्यता**

## ६. सदस्यहरूको वर्गीकरण :-

क) साधारण सदस्य :-

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रक्रियाअन्तर्गत रही आवेदन गरी संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरू साधारण सदस्य हुने छन् ।

ख) संस्थापक सदस्यहरू :-

यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरूले साधारण वा आजीवन सदस्यता लिएर विधानबमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

ग) आजीवन सदस्य :-

संस्थाको विकासका लागि भौतिक वा आर्थिक रूपमा विशेष सहयोग पुऱ्याउने व्यक्तिहरूलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गरिनेछ ।

घ) मानार्थ सदस्य :-

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरूलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

ङ) संरक्षक सदस्य :-

जुनसुकै क्षेत्रमा बसोबास गर्ने उपयुक्त स्वदेशी नागरिकलाई संरक्षक सदस्यता प्रदान गर्न सकिनेछ र कार्य समितिको बैठकमा आमन्त्रण गरिनेछ । संरक्षक सदस्यले संस्थाको हितको लागि महावपूर्ण सुझाव दिन सक्नेछ ।

च) पदेन सदस्य :-

परिच्छेद ४ को १४ (१) (ख) मा उल्लेख गरिए बमोजिम हुनेछ ।

## ७. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता :-

क) नेपाली नागरिक र सम्बन्धित क्षेत्रमा बसोबास गरेको ।

ख) १८ वर्ष उमेर पूरा गरेको ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

च) अस्थायी बासिन्दाको हकमा कम्तीमा १ वर्ष सम्बन्धित क्षेत्रमा बसोबास गरेको ।

## ८. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :-

देहायको अवस्थामां कुनै पनि व्यक्तिले संस्थाको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) गैह्रनेपाली नागरिक भएको तथा सम्बन्धित क्षेत्रमा बसोबास नगरेको ।

ख) १८ वर्ष उमेर पूरा नगरेको ।

ग)   मगज बिग्रेको वा बौलाएको ।

घ)   सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

ङ)   नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएको वा सजायं पाएको व्यक्ती ।

च)   सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

छ)   साहुको दामासाहीमा परेको ।

ज)   सदस्यले सम्बन्धित क्षेत्र छाडी अन्यन्त्र स्थायी बसोबास गरेमा ।

## ९) सदस्यताको समाप्ति :-

१)   देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन ।

क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारण सभाको ७५% सदस्यहरूको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) यस विधानबमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ) संस्था विघटन भई खारेज भएमा ।

२)  कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनुभन्दा पहिले संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको सबूद पेश गर्न मौका दिनेछ ।

## १०) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-

यस विधानको दफा ६ बमोजिमका सदस्यहरूले देहायबमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१) साधारण सदस्य :-

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्कबापत रु........... र वार्षिक शुल्कबापत रु........... र वार्षिक शुल्कबापत रु.......... बुझाई तोकिएको प्रक्रियाअनुसार आवेदन पेस गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नबीकरण शुल्क रु.......... बुझाउनु पर्ने छ ।

ग) साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आषाढ महिनाको मसान्तभित्र नबीकरण गराईसक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिएबमोजिमको थप दस्तुर बुझाई नबीकरण गर्न सक्नेछ ।

२) संस्थापक सदस्य :-

क) यो संस्था दर्ता हुँदाको बखतमा तदर्थ समितिका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरूले विधानमा उल्लेख भएबमोजिमको शुल्क नबुझाई साधारण सदस्य वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन् ।

३) आजीवन सदस्य :-

संस्थामा एक मुष्ठ रु........ बुझाई तोकिएको प्रक्रियाअन्तर्गत आवेदन दिनेव्यक्तिहरूलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

४) मानार्थ सदस्य :-

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ट व्यक्ति तथा प्रतिष्ठित, सम्बन्धित क्षेत्रका विशेषज्ञ नेपाली नागरिकहरूलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५) कुनै आवेदकला सदस्यता नदिने निर्णय गरेमा सोको कारणसहितको जानकारी आवेदकलाई दिइनेछ ।

६) सबै सदस्यहरूले यस विधान र विधानअन्तर्गत बनेका नियम र विनियमबमोजिम भएको व्यवस्थाको गर्नु पर्नेछ ।

७) संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका राखेछ ।

# ११) सदस्यता प्रदान गर्ने विधि :-

पदेन सदस्यबाहेक नयाँ सदस्यता लिदा अनुसूची– १ अनुसारको आवेदन फारम भरी परिच्छेद ३ को दफा १० बमोजिम तोकिएको शुल्कसहित आवेदन दिनु पर्नेछ र कार्य समितिबाट स्वीकृति प्राप्त भएपछि मात्र सदस्यता प्रदान गर्न सकिनेछ ।

# परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

## १२.साधारण सभाको गठन :-

१) यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरूबाहेक अन्य सदस्यहरूबाट संस्थाको साधारण सभाको गठन हुनेछ । मानार्थ सदस्यहरू आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

२) यस संस्थाको साधारण सभा, देहायबमोजिम हुनेछ ::–

क) वार्षिक साधारण सभा :- वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

ख) विशेष साधारण सभा :-संस्थाको कुल सदस्य सङ्ख्याको १÷४ (एक चौथाइ) सदस्यहरूले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्य समितिले कम्तीमा ७ (सात) दिनभित्र अनिवार्यरूपमा बोलाउनु पर्दछ । तर, साधारण सभा वा विशेष सभा बसेको ६ महिनाभित्र पुनः विशेष सभा बस्न सक्ने छैन ।

३) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महिनाभित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष  समाप्त भएको मितिले २ (दुई) महिनाभित्र गरिनेछ ।

४) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिनअगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिनअगावै सभा हुने स्थान, मिति समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरूलाई अनिवार्यरूपले सूचनादिइने छ ।

५) उप–दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

६) साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ ।

# १३) साधारण सभाको काम, कर्तव्य र अधिकार :-

साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरू र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण–प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजू रकमहरूमाथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजू रकमहरू असुल उपर गरी फछ्र्यौट गर्नका लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षका लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको वार्षिक कार्यप्रगति विवरण र संस्थाले गरेको कार्यहरूको मूल्याकन गरी फछ्र्यौट गर्नका लागि लेखा कार्य समितिलाई निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरूको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरूको विधानबमोजिमको प्रक्रियाअन्तर्गत रही निर्वाचन गर्ने ।

च) कार्य समितिद्वारा पेस भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हितअनुकूल भएका काम–कारबाहीहरूको औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफ्नै आन्तरिक स्रोतबाट बेहोर्ने गरी कार्य समितिले पेस गरेको कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकताअनुरूप स्वीकृति प्रदान गर्ने ।

## १४) कार्य समितिको गठन :-

१) साधारण सभाका सदस्यहरूबाट निर्वाचित देहायबमोजिमका पदाधिकारी तथा सदस्यहरू र पदेन सदस्यहरूबाट कार्य समितिको गठन गरिनेछ ।

(क) साधारण सभाबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरू :–

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| सहसचिव | १ |
| कोषाध्यक्ष | १ |

सदस्यहरू ६ देखि १६ जनासम्म हुन सक्नेछन् ।

(ख) पदेन सदस्य :- निम्न व्यक्तित्वहरू पदेन सदस्यका रूपमा रहन सक्नेछन् :–

(क) सम्बन्धित सामुदायिक सेवा केन्द्रमा प्रत्यक्ष कार्य गर्न खटिएका सामुदायिक प्रहरी कर्मचारी ।

(ख) सम्बन्धित वडा अध्यक्ष वडा सचिव (जनप्रतिनिधि) ।

(ग) सरकारी निकायका प्रतिनिधि ।

(घ) स्थानीय गैह्रराजनीतिक सङ्घ संस्थाका प्रतिनिधि ।

(ङ) स्थानीय समाजसेवी, महिला तथा युवा प्रतिनिधि ।

(च) उद्योगी, व्यापारी, व्यवसायी प्रतिनिधि ।

(छ) खेलकुद क्षेत्रका पदाधिकारी प्रतिनिधि ।

(ज) अन्य क्षेत्रका प्रतिनिधिहरू ।

(झ) माथि उल्लिखित (घ) (ङ) (छ) (ज) को हकमा कार्य समितिले उक्त नामहरू चयन गरी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२) कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ ।

३) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेका कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्यको बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ, तर अन्य पदहरूका लागि विधानबमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ ।

४) कार्य समितिको बैठक आवश्यकताअनुसार अध्यक्षले बोलाउनेछ । तर, कार्य समितिको पदाधिकारीहरूको जम्मा संख्या ५१ ५ ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५) कार्य समितिका पदाधिकारीहरूको कुल संख्याको ५१ ५ पदाधिकारीहरू उपस्थित नभई, कार्य समितिको बैठक बस्ने छैन ।

६) कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित अन्य सदस्यहरूले छानेको वा ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८) कार्य समितिको बैठकमा छलफल भएका विषयहरूको छुट्टै निर्णय किताबमा लेखी राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नु पर्ने छ तर निर्णयमा असहमति जनाउनेहरूले कैफियत खोली सही गर्नु पर्नेछ ।

९) संस्थाले गर्ने भनेका सम्पूर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ ।

१०) माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्न पाउने कुनै कार्यका सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठकविना पनि गर्न सकिनेछ । उपर्युक्तबमोजिमको सहमतिलाई कार्य समिति बैठको निर्णयसरह मानिनेछ ।

## १५) कार्य समितिको काम, कर्तव्य र अधिकार :-

कार्य समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

१)	संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२)	विधानबमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३)	संस्थाको हितमा हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।

४)	साधारण सभाप्रति उत्तरदायी रहने ।

५)	संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

६)	संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, स्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

७)	संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।

८)	संस्थाका कर्मचारीहरूको सेवा शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।

९)	संस्थाको उद्देश्य परिपूर्तिका लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार समिति तथा अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यताअनुरूप कार्यको बाँडफाँट गरी दिने ।

१०)	संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१६)	पद त्याग गर्न सक्नेः-** अध्यक्षले उपाध्यक्षमार्पmत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्ने छन् ।

## १७)	अन्य समितिहरू :-

- यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य सञ्चालनका लागि कार्य समितिले आवश्यकताअनुसार अन्य समिति वा उप–समितिहरू गठन गर्न सक्नेछ, तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्ने छ ।
- उप–समितिहरूको काम कर्तव्य र अधिकारहरू कार्य समितिले तोकिदिएबमोजिम हुनेछ ।

## परिच्छेद ५

# पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**१८.पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :-** कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

१) अध्यक्षको काम,कर्तव्य र अधिकारः-

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

ख) निर्णायक मत दिने ।

ग) संस्थाका तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ) संस्थाको नेतृत्व लिने ।

ङ) आवश्यकताअनुसार बैठकहरू बोलाउन सचिवलाई निर्देशन दिने ।

च) अन्य पदाधिकारी एवम् सदस्यहरूलाई कामको बांडफाट गर्ने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :-

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

३) सचिवको काम, कर्तव्य र अधिकार :-

क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

ख) अध्यक्षको निर्देशनअनुसार बैठक र सभा बोलाउने ।

ग) अभिलेख सुरक्षित राख्ने ।

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

४) सहसचिवको काम, कर्तव्य र अधिकार :-

क)  सचिवलाई सहयोग गर्ने ।

ख)  सचिवले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग)  सचिवको अनुपस्थितिमा निजको कार्य गर्ने ।

५)  कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :-

क)  संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

ख)  साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेस गर्ने ।

ग)  लेखा दुरुस्त राख्ने ।

घ)  नियमित रूपमा वार्षिक लेखापरीक्षण गराउने ।

६)  सदस्यहरूको काम, कर्तव्य र अधिकार :-

क)  समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख)  संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग)  कार्य समिति एवम् पदाधिकारीहरूले तोकिदिएको अन्य जिम्मेवारीहरू पूरा गर्ने ।

## १९)  गणपूरक संख्या :-

१)  कुल सदस्य संख्याको ६० % (साठी) प्रतिशत साधारण सदस्यहरूको उपस्थिति नभई साधारण सभाको काम कारबाही हुने छैन ।

२)  तर, विधानको दफा ११ को (५) मा उल्लेख भएबमोजिम, पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ % उपस्थिति भएमा सभा गर्न बाधा पर्ने छैन ।

३)  दोस्रो पटक बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित नभएमा दफा १२ को ५ मा उल्लेख भएबमोजिम पुनः तेस्रो पटक बोलाइएको साधारणसभामा उपस्थित सदस्य संख्यालाई नै गणपूरक संख्या मानी काम कारबाही अगाडि बढाउनु पर्नेछ ।

# परिच्छेद ६

## आर्थिक व्यवस्था

## २०. संस्थाको कोष :-

१)　संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिमका प्राप्त रकमहरू जम्मा हुनेछन् :-

क)　सदस्यताबापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख)　कसैको स्वेच्छाले दिएको अनुदान, सहायताबापत प्राप्त रकम ।

ग)　संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम ।

घ)　विदेशी संस्था व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट सहयोगबापत प्राप्त रकम ।

ङ)　स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोगबापत प्राप्त रकम ।

२)　विदेशी संघसंस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नियमानुसार नेपाल सरकारबाट स्वीकृति लिनु पर्नेछ ।

३)　संस्थामा प्राप्त रकम स्थानीय बैङ्कमा जम्मा गरी बैङ्क खाता सञ्चालन गरिनेछ ।

## २१) खाता सञ्चालन :-

संस्थाको बैङ्क खाता अध्यक्ष र सचिव मध्ये कुनै एक र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियमअनुसार खर्च गर्ने तथा खर्चको स्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

## २२) कोषको रकम खर्च गर्ने तरिका :-

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्द देहायबमोजिम तरिका अपनाई खर्च गरिनेछ :-

१) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

२) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

३) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रूपले पेश गर्नु पर्नेछ ।

४) कोषको रकम खर्च गर्दा तोकिएबमोजिम खर्च गर्नुपर्ने छ ।

## २३) संस्थाको लेखा र लेखा परीक्षण :-

१) संस्थाको आय व्ययको लेखा प्रचलित कानुनबमोजिम स्पष्ट तवरले राखिनेछ ।

२) संस्थाको लेखा परीक्षण प्रचलित कानुनबमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जनुसुकै बखतमा पनि आपैंm वा मातहतका कर्मचारीहरू खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

४) संस्थाको लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५) संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १÷१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धित सामुदायिक प्रहरी सेवा केन्द्रमा पेस गरिनेछ ।

# परिच्छेद ७

# संस्थागत काम कर्तव्यहरू

## २४.आफ्नो इलाकाको सामुदायिक प्रहरीसँग सहकार्य गर्दै समय सापेक्ष कार्यक्रम तर्जुमा गरी संञ्चालन गर्नुका अतिरिक्त निम्न लिखित संस्थागत काम कर्तव्यहरू हुने छन् :-

सामुदायिक क्रियाकलाप र कार्यक्रम :-

| सि.नं. | सामुदायिक क्रियाकलाप र कार्यक्रम |
|---|---|
| १) | <u>अपराध रोकथाम तथा नियन्त्रणसम्बन्धी क्रियाकलाप</u><br>क) सूचना संकलन, अभिलेखीकरण ।<br>ख) घटनास्थल सुरक्षा र आकस्मिक अवस्थामा सुरक्षा ।<br>ग) गस्ती, आपराधिक क्रियाकलाप हुने क्षेत्रको निगरानी गर्ने ।<br>घ) पीडितको सहयोग तथा कानुनी उपचारमा सहयोग पु¥याउने ।<br>ङ) स्थानीय विवादको समाधान, सामाजिक सद्भाव कायम गर्ने ।<br>च) लागूऔषध नियन्त्रण, घरेलु र लैङ्गिक हिंसा नियन्त्रण, अन्य सामाजिक अपराध नियन्त्रण । |
| २) | <u>जनचेतनामूलक कार्यक्रम</u><br>क) चारप्रप्रसार एवं जनचेतनामूलक कार्यक्रम स्कुल सम्पर्क), सडक तथा ट्राफिक नियम,वातावरण, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार अन्य सामाजिक अपराधसम्बन्धी(<br>ख) नागरिक प्रहरी अन्तरक्रिया ।<br>ग) घरदैलो कार्यक्रम (नागरिक सुरक्षासम्बन्धी) |
| ३) | <u>सामाजिक क्रियाकलाप</u><br>क) दुर्घटना एवम् प्रकोप व्यवस्थापन ।<br>ख) स्वयमसेवक परिचालन/ज्येष्ठ नागरिकसंगको भेटघाट, अन्तरक्रिया । |
| ४) | <u>जनस्वास्थ्य तथा वातावरणसम्बन्धी</u> |

| | |
|---|---|
| | क) जनस्वास्थ्य एवं सरसफाइ कार्यक्रम ।<br><br>ख) रक्तदान कार्यक्रम÷स्वास्थ्य शिविर । |
| ५) | <u>विविध</u><br><br>क) धार्मिक /सांस्कृतिक कार्यक्रम / खेलकुद गतिविधि / परामर्श दिने खालका कार्यक्रम ।<br><br>ख) कार्य समितिले निर्णय गरी समुदायको हितमा सञ्चालन गर्ने अन्य क्रियाकलापहरू । |

क) धार्मिक /सांस्कृतिक कार्यक्रम / खेलकुद गतिविधि / परामर्श दिने खालका कार्यक्रम ।

ख) कार्य समितिले निर्णय गरी समुदायको हितमा सञ्चालन गर्ने अन्य क्रियाकलापहरू ।

## परिच्छेद ८

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधनसम्बन्धी व्यवस्था

# २५. निवार्चनसम्बन्धी व्यवस्था :-

१) कार्य समितिको निर्वाचन प्रयोजनका लागि बढीमा ५..... जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिनेछ ।

२) निर्वाचन समितिले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आपैm व्यवस्थित गर्नेछ ।

३) निर्वाचनसम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो लगाउन निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

## २६) उम्मेदवार हुन चाहिने योग्यता :- कार्य समितिको उम्मेदवार हुन देहायबमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

क) संस्थाको सदस्यता विधिवत् प्राप्त गरी २ वर्ष पूरा भएको सदस्य मात्र कार्य समितिको निर्वाचनमा उम्मेदवार हुन पाउनेछ ।

ख) कार्य समितिको सदस्य भएको व्यक्तिले मात्र अध्यक्ष पदमा उम्मेदवारी दिन पाउनेछ ।

ग) मानार्थ सदस्यलाई कार्य समितिको निर्वाचनमा उम्मेदवार हुने तथा मतदान गर्ने अधिकार हुने छैन ।

घ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो पल्टको निर्वाचनको हकमा उपर्युक्तअनुसारको व्यवस्था लागू हुने छैन ।

## २७) अविश्वासको प्रस्ताव :-

१) अविश्वासको प्रस्ताव लिखित रूपमा कुन कुन पदाधिकारीका विरुद्धमा हो सो स्पष्ट खुलाई देहायबमोजिमको रीत पु¥याई संस्थामा दर्ता गर्नु पर्नेछ :-

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्दछ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यावहारिक हुनु पर्छ ।

ग) साधारण सभा सदस्यहरूमध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरूको प्रस्ट नाम, थर र ठेगानासहित खुलाई सही भएको हुनु पर्छ ।

२) उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाका सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ ।

३) अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया :-

क ( सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप–दफा १ बमोजिमको प्रस्ताव पेस गर्न अनुमति दिनेछ र प्रस्ताव पेस गर्ने सदस्यहरूमध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारणसहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख (उप–दफा ३ बमोजिम अविश्वासको (क)प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य ३ जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग (उप–दफा बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरू विरुद्ध प्रस्तुत (१) गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरूलाई आफ्नो

घ( सफाइ पेस गर्ने मौकाका लागि आफ्नो भनाइहरू राख्न अनुमति दिइनेछ ।

४) अविश्वासको प्रस्तावमाथि निर्णय :-

१) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्ताव बहुमत पक्ष वा विपक्ष केमा छ भन्ने निर्णयका लागि देहायबमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख) साधारण सभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा मतदान गराएर ।

२) साधारण सभाको कुल सदस्य संख्याको २÷३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू पदमुक्त हुनेछन् ।

३) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

## २८) विधान संशोधन :- कुल सदस्य संख्याको २÷३(दुई तिहाई) साधारण सभा सदस्यहरूले अनुमोदन गरेपश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भएपश्चात् मात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

## २९) नियम बनाउन सक्ने :-

१) संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ

र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्ने छ ।

२) यो विधान र विधानअन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासनसम्बन्धी विनिमय बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनिमयहरू साधारण सभाबाट अनुमोदन गराउनु पर्ने छ ।

३) यसरी नियम विनियम बनाउँदा सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरीको मर्म, काम कर्तव्य एवं क्रियाकलापसँंग नबाइने गरी बनाउनु पर्दछ ।

# ३०) कर्मचारी व्यवस्था :-

क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनका लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी विदेशी सल्लाहकार वा स्वयम्सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पु¥याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराइनेछ ।

# ३१) संस्था खारेजी :-

१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२) संस्था खारेजीको लागि विशेष प्रस्ताव पेश गर्नुअगावै सम्बन्धित प्रहरी कार्यालयमा औचित्य पुष्टि गरिएको हुनु पर्नेछ ।

३) उपदफा (१) बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटरहरू र संस्थाको हिसाब किताब गर्नका लागि एक वा एक भन्दा बढी लेखा परीक्षक नियुक्त गर्न सक्नेछन् ।

४) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकिदिएबमोजिम हुनेछ ।

५) यसरी कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको

फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**३२) व्याख्या :-** यो विधान र विधानअन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ । उक्त व्याख्या गर्ने क्रममा कार्य समितिले कानुनी सल्लाहकारको रायसमेत लिन सक्नेछ ।

**३३) गोप्यता भङ्ग गर्न नहुने :-** यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरूले बैठक वा साधारण सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाइने छैन ।

**३२)द्रष्टव्य :-** महिला तथा बालबालिका माथि नकारात्मक असर पर्ने वा संस्थाको अहित हुने खालका कुनै पनि विषय वस्तु सम्बन्धमा अभिव्यक्ति दिनु पर्दा गोप्यताको सिद्धान्तलाई विशेष प्राथमिकता दिइनेछ ।

## ३४) ऐनअनुसार हुने :-

यस विधानमा उल्लेख नभएका कुराहरू कानुनबमोजिम हुनेछनर संस्था दर्ता ऐन नियम र प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

## ३५) निर्देशनको पालना :-

नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

## ३६) तदर्थ समिति :-

१) यो संस्था स्थापना गरी दर्ता गराउनका लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारण सभा बोलाई विधानअनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

## ३७) हामी सामुदायिक सेवा केन्द्र..........का निम्न संस्थापकहरू यस विधानबमोजिम

कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौं ।

| सि.नं. | संस्थापकको नाम,थर र ठेगाना | पद | साक्षीको नाम,थर वतन र सहिछाप |
|---|---|---|---|
| १ | द.<br>ठेगाना :-<br>नाम थर :- | अध्यक्ष | द.<br>ठेगाना :-<br>नाम थर :- |
| २ | द.<br>ठेगाना :-<br>नाम थर :- | उपाध्यक्ष | द.<br>ठेगाना :-<br>नाम थर :- |
| ३ | द.<br>ठेगाना :-<br>नाम थर :- | सचिव | द.<br>ठेगाना :-<br>नाम थर :- |
| ४ | द.<br>ठेगाना :-<br>नाम थर :- | सहसचिव | द.<br>ठेगाना :-<br>नाम थर :- |
| ५ | द.<br>ठेगाना :- | कोषाध्यक्ष | द.<br>ठेगाना :- |

| | | | |
|---|---|---|---|
| | नाम थर :- | | नाम थर :- |
| ६ | द.<br>ठेगाना :-<br>नाम थर :- | सदस्य | द.<br>ठेगाना :-<br>नाम थर :- |
| ७ | द.<br>ठेगाना :-<br>नाम थर :- | सदस्य | द.<br>ठेगाना :-<br>नाम थर :- |
| ८ | द.<br>ठेगाना :-<br>नाम थर :- | सदस्य | द.<br>ठेगाना :-<br>नाम थर :- |
| ९ | द.<br>ठेगाना :-<br>नाम थर :- | सदस्य | द.<br>ठेगाना :-<br>नाम थर :- |
| १० | द.<br>ठेगाना :-<br>नाम थर :- | सदस्य | द.<br>ठेगाना :-<br>नाम थर :- |
| ११ | द.<br>ठेगाना :-<br>नाम थर :- | सदस्य | द.<br>ठेगाना :-<br>नाम थर :- |

## अनुसूची १

सदस्यता आवेदन फारम

श्रीमान् अध्यक्षज्यू

सामुदायिक प्रहरी सेवा केन्द्र........................।

विषय :–सदस्यता आवेदन सम्बन्धमा ।

यस संस्थाको विधान र नियमावलीलाई स्वीकार गर्दै सदैव दृढतापूर्वक कार्यरत रहनेछु भन्ने कुरामा मञ्जुर भई सदस्यता शुल्क बापत लाग्ने रु ............ र पासपोर्ट साइजको फोटो यसै साथ संलग्न राखी यस संस्थाको सदस्यता प्राप्त गर्नका लागि निम्नबमोजिमको विवरण खोली निवेदन गर्दछु ।

१. निवेदकको नाम :-

२. ठेगाना :- स्थायी............................

अस्थायी .........................

(अस्थायीको हकमा बसोबास गरेको मिति...........................)

३. नागरिकता नं.:-

४. लिङ्ग:-

५. जन्ममिति :-

६. सम्पर्क फोन नं. :-

७. शैक्षिक योग्यता :-

८. पेशा :-

(अस्थायी बसोबास गर्नेको हकमा).....................(नाम).................... लाई म राम्रोसँग चिन्दछु । निज मिति........................................ देखि मेरो घरमा डेरा ÷बसोबास गरी बस्नु भएको बेहोरा प्रमाणित गर्दछु ।

नाम :-

नागरिकता नं. :-

ठेगाना :-

घर नं. :-

फोन नं. :-

## अनुसूची २

सामुदायिक सेवा केन्द्र ..........

स्थाः २०.........

उम्मेदवारको दरखास्त फारम

१. उम्मेदवारको नाम :-

२. उम्मेदवार हुन चाहेको पद :-

३. जन्ममिति :-

४. सामुदायिक सेवा केन्द्रमा प्रवेश गरेको साल :- ............ महिना .........गते......

५. यसभन्दा अघि सामुदायिक सेवा केन्द्रमा कुनै दायित्व वहन गरेको भए सोको विवरण ः

साल :- पद :-

(१)

(२)

(३)

(४)

(५)

६. सिफारिस गर्ने सदस्यको नाम :-

७. प्रस्तावक :-

८. समर्थक :-

९. उम्मेदवारको दस्तखत :-

१०. मिति :-

निर्वाचन अधिकृतको सही

दर्ता नम्बर :-

दर्ता मिति :-

## अनुसूची ३

छापको नमुना :–

सामुदायिक सेवा केन्द्रको देहायबमोजिमको एउटा छाप हुनेछ । जसमा नेपालको नक्साको दायाँ तथा बायाँ तर्फबाट हातहरू एकअर्कामा अनुबन्धित भई सोको बीचमा दीप प्रज्वलित भएको र नेपालको नक्सा तल अर्धचन्द्राकार पृष्ठभूमिमा सामुदायिक सेवा केन्द्र लेखिएको हुनेछ । सोको तल सामुदायिक सेवा केन्द्र रहेको स्थानको नाम र आबद्ध रहेको सामुदायिक प्रहरी सेवा केन्द्रको नाम रहनेछ । सोको तल स्थापित मिति राखिनेछ ।




अनुसूची ४

सामुदायिक प्रहरी सेवा केन्द्रका कार्यक्षेत्र :-

(भौगोलिक कार्य क्षेत्र)

१.पूर्व सिमाना.........२.पश्चिम सिमाना......... ३. उत्तर सिमाना...........४.दक्षिण सिमाना.............

(क) सामुदायिक क्रियाकलाप र कार्यक्रम :-

| सि.नं. | सामुदायिक क्रियाकलाप र कार्यक्रम |
|---|---|
| १) | <u>अपराध रोकथाम तथा नियन्त्रणसम्बन्धी क्रियाकलाप</u><br>क) सूचना संकलन, अभिलेखीकरण ।<br>ख) घटनास्थल सुरक्षा र आकस्मिक अवस्थामा सुरक्षा ।<br>ग) गस्ती, आपराधिक क्रियाकलाप हुने क्षेत्रको निगरानी गर्ने ।<br>घ) पीडितको सहयोग तथा कानुनी उपचारमा सहयोग पु¥याउने ।<br>ङ) स्थानीय विवादको समाधान, सामाजिक सद्भाव कायम गर्ने ।<br>च) लागूऔषध नियन्त्रण, घरेलु र लैङ्गिक हिंसा नियन्त्रण, अन्य सामाजिक अपराध नियन्त्रण । |
| २) | <u>जनचेतनामूलक कार्यक्रम</u><br>क) चारप्रप्रसार एवं जनचेतनामूलक कार्यक्रम स्कुल सम्पर्क), सडक तथा ट्राफिक नियम,वातावरण, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार अन्य सामाजिक अपराधसम्बन्धी(<br>ख) नागरिक प्रहरी अन्तरक्रिया ।<br>ग) घरदैलो कार्यक्रम (नागरिक सुरक्षासम्बन्धी) |
| ३) | <u>सामाजिक क्रियाकलाप</u><br>क) दुर्घटना एवम् प्रकोप व्यवस्थापन ।<br>ख) स्वयमसेवक परिचालन/ज्येष्ठ नागरिकसंगको भेटघाट, अन्तरक्रिया । |
| ४) | <u>जनस्वास्थ्य तथा वातावरणसम्बन्धी</u><br>क) जनस्वास्थ्य एवं सरसफाइ कार्यक्रम । |

| | |
|---|---|
| | ख) रक्तदान कार्यक्रम÷स्वास्थ्य शिविर । |
| ५) | विविध<br><br>क) धार्मिक /सांस्कृतिक कार्यक्रम / खेलकुद गतिविधि / परामर्श दिने खालका कार्यक्रम ।<br><br>ख) कार्य समितिले निर्णय गरी समुदायको हितमा सञ्चालन गर्ने अन्य क्रियाकलापहरू । |

(ख) अभिलेख व्यवस्थापन :–क्रियाकलाप अभिलेख सामुदायिक व्यवस्थापन निम्नानुसार गर्नु पर्नेछ ।

सामुदायिक सेवा केन्द्रका कर्मचारीहरूले तोकिएबमोजिमको संस्थागत काम कर्तव्यहरू गर्नुपर्नेछ ।

सामुदायिक प्रहरीले आवश्यकताअनुसार दैनिक कामकाजका लागि चाहिने दर्ता चलानी किताब र सामुदायिक प्रहरीद्वारा सम्पादन भएका क्रियाकलापका विवरण स्पष्ट रूपमा खुल्ने गरी रजिष्टर वा कम्प्युटरमा अभिलेख राख्ने व्यवस्था गर्नुपर्ने छ । जसमा सामुदायिक सुरक्षा महाशाखादेखि सामुदायिक प्रहरी सेवा केन्द्रमा समेत सामुदायिक प्रहरीले शान्ति सुरक्षा, अपराध नियन्त्रण वा जनचेतनामूलक र सामाजिक विकास कार्यमा आफूले गरेको कार्यको अभिलेख स्पष्ट रूपमा राख्ने, आफूभन्दा माथिल्लो कार्यालयमा समयमा नै जाहेर गर्ने । वार्षिक क्यालेण्डर बनाई सोहीअनुसार कामकाजको मूल्यांकन गर्ने, दैनिक गरेको कामकाजको विवरण स्पष्ट हुने गरी सामुदायिक प्रहरी सेवा केन्द्रहरूको आ–आ०नो रेकर्ड राख्नका लागि प्रत्येक सामुदायिक केन्द्रले अभिलेख पुस्तिका राख्नेछन् ।

१. घटनाका सम्बन्धमा कुनै पनि निवेदन/उजुरी प्राप्त भएपछि मजकुर कार्यालयमा पठाउनु पर्ने फारम/जाहेरीको नमुना

क. दर्ता

ख. मिति / समय

ग. पीडकको नामथर ठेगाना

घ. घटनाको संक्षिप्त विवरण

ङ. सामुदायिक प्रहरी सेवा केन्द्रबाट भएको निर्णय (मिलापत्र/थप अनुसन्धान ÷मुद्दा दर्ता/सन्बन्धित निकायमा पठाईएको)।

२. अभिलेख सम्बन्धमा

(क) प्रशासनिक अभिलेखतर्प

क. हाजिरी पूस्तिका

ख. दर्ता पूस्तिका

ग.  जाहेरीहरू

घ. निरीक्षण पूस्तिका

ङ. दर्ता÷चलानी÷चिठीपत्रहरू

च. जिन्सी सामानहरूको विवरण

(ख) आपराधिक अभिलेखतर्प

क. निवेदन/दर्ता किताब

ख. इलाकाको नक्सा

ग. घर नम्बरसहित घरधनीको विवरण/घरमा आश्रित व्यक्तिहरूको विवरण

घ. बढी अपराध हुनेस्थानहरू

ङ. शंकास्पद व्यक्तिको विवरण (फोटोसहित) गुन्डागर्दी, चोरी, पाकेटमार,लागूऔषध दुव्र्यसन आदि ।

च. फरार अपराधीको विवरण (नाम/थर/ठेगाना/फोटोसहित)

(ग) विविध /जानकारीमूलक अभिलेख

क. सरकारी कार्यालयहरूको विवरण

ख. विशिष्ट व्यक्तिहरूको विवरण

ग. अस्पताल÷मठमन्दिर/धार्मिक संघसस्थाहरु÷संघसस्था ÷क्लबहरू

घ. महावपुर्ण प्रतिष्ठानहरू (उद्योग र व्यापारिक केन्द्र आदि )

ङ. शिक्षण संस्थाहरू

ज. वित्तीय संस्थाहरू

झ. हराएका/खोजतलास गर्नुपर्ने व्यक्तिहरू

ञ. होटल/लजहरू

# अनुसूची ५

शपथ ग्रहण

म ........................................ ईश्वरलाई साक्षी राखी प्रतिज्ञा गर्दछु कि सामुदायिक सेवा केन्द्र ...............................को सदस्यता ग्रहण गरे पश्चात् आफ्नो कार्यभार इमानदारीपूर्वक कार्यान्वयन गर्नेछु । मेरो दक्षताले भ्याएसम्म यस संस्थाको उद्देश्य, दर्शन र यस संस्थाप्रति आस्थावान् रही संस्थाको उद्देश्य पूरा गर्न सदा कटिबद्ध र जीवन्त उदाहरण बन्नेछु ।

दस्तखत

नामः–

थरः–

# अनुसूची ६

## सामुदायिक सेवा केन्द्र

(..................)

## सामुदायिक प्रहरी सेवा केन्द्र

फोन नं.:......

पत्र संख्या.:-

मिति:

च.न.:-

विषय :-

## अनुसूची ७

सामुदायिक सेवा केन्द्रको साइनबोर्डको नमुना :-

क)	साइनबोर्डको आकार Size लम्बाइ ४ फिट र चौडाइ २/१/२ फिट हुनेछ ।

ख)	साइनबोर्ड नीलो रंगले पोतिएको हुनेछ र त्यसमा पहेंलो रंगको अक्षर हुनेछ ।

ग)	साइनबोर्डको किनारामा सेतो रंगले घेरिएको रेखा हुनेछ ।

घ)	साइनबोर्डभित्र सबैभन्दा माथि बीचभागमा सामुदायिक सेवा केन्द्रको लोगो रहनेछ ।

ङ)	उक्त लोगोको ठीक मुनि  सामुदायिक सेवा केन्द्र लेखिनेछ ।

च)	सामुदायिक सेवा केन्द्रभन्दा तल उक्त केन्द्र रहेको ठेगाना रहनेछ ।

छ)	ठेगानाको तल जुन सामुदायिक प्रहरी सेवा केन्द्रसँग आवद्ध रहेको हो सो  सामुदायिक प्रहरी सेवा केन्द्र.............सँग आबद्ध भनी लेखिनेछ ।

ज)	ठेगानाभन्दा ठीक तल स्थापित :- मिति लेखिनेछ ।

झ)	साइनबोर्डको देब्रे कुनामा सम्बन्धित कार्यालयको फोन नम्बर लेखिनेछ ।